सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
दार्चुला

फोन नं.: ०९३-४२०४४७
Email: akcdarchula@gmail.com
Website: darchulaakc.gov.np

पत्र संख्या : ०८२/०८३
च.नं. :

## विभिन्न कृषि विकास कार्यक्रम संचालनका लागी आवेदन पेश गर्ने सम्बन्धी सूचना

**सूचना नं : ०३-२०८२/८३**

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०५/१८)**

कृषि ज्ञान केन्द्र, दार्चुलाको चालु आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्धन नियमावली (पहिलो शंशोधन), २०८० बमोजिम सम्वन्धित क्षेत्रका ईच्छुक कृषक समूह/सहकारी/कम्पनी तथा कृषि फर्म/उद्यमी/व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२/०६/०७ भित्र यस कार्यालय वा सम्वन्धित स्थानिय तहको कृषि विकास शाखामा आवश्यक कागजातहरु संलग्न राखी तोकिएको ढाँचामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ।

श्याम राज जोशी
नि. कार्यालय प्रमुख

तपसिलः

| क.सं. | कार्यक्रमको नाम | कार्यक्रम संचालन हुने स्थान | आवेदकको योग्यता तथा अनुदानको प्रतिशत | थप आवश्यक कागजातहरु |
|---|---|---|---|---|
| १ | फलफूल नर्सरी स्थापना/सुदृढीकरण सहयोग | जिल्लाभरी | • नर्सरी व्यवसाय दर्ता गरी हाल विभिन्न फलफुलका बेर्ना उत्पादन तथा बिक्रि वितरण गरि रहेका समुह/सहकारी/फर्म/उध्यमी हरुलाइ नर्सरी व्यवस्थापन सामाग्रिमा लागत अनुमानको ५०% रकम अनुदान । | फर्म दर्ता गरी नर्सरी व्यवसाय गरी रहेको प्रमाण समेत संलग्न राखी आवेदन पेश गर्न सक्ने। |
| २ | हिउँदे फलफूल बगैंचा स्थापना तथा क्षेत्र विस्तार | जिल्लाभरी | • कम्तिमा पनी ५ रोपनी वा ५० बोट भन्दा बढी बीरुवा एकै ठाउँमा लगाउने समुह/सहकारी /फर्म/उध्यमीहरुलाइ बगैंचा स्थापनाका लागी लागत अनुमानको ५०% रकम अनुदान । | हिउदे फलफुलहरु (ओखर, स्याउ, आदी) फलफुलका लागी आवेदन पेश गर्न सक्ने । |
| ३ | उखु खेती प्रवर्द्धन कार्यक्रम | जिल्लाभरी | • कम्तिमा ५ रोपनी भन्दा बढी क्षेत्रफलमा उखु खेति गरिरहेका समुह/सहकारी /फर्म/उध्यमी हरुलाइ उखु खेती प्रबर्द्धन अन्तर्गत उखुको श्रोत बीउका लागी उन्नत जातको विउ लगायत सामाग्रीमा लागत अनुमानको ५०% रकम अनुदान । | कम्तिमा ५ रोपनी जमिनमा उन्नत जातको उखुको वीउ लगाइ आगामी बर्ष देखी वीउ प्रसारणका लागी काम गर्न ईच्छुक कृषकहरुले आवेदन पेश गर्न सक्ने । |
| ४ | तरकारी उत्पादनका लागि Polyhouse संरचना निर्माण | जिल्लाभरी | • कम्तिमा पनी २ रोपनी भन्दा बढी क्षेत्रफलमा तरकारी खेती गरि रहेका समुह/सहकारी /फर्म/उध्यमीहरुलाइ प्लाष्टिक घर निर्माणका लागी लागत अनुमानको ५०% रकम अनुदान । | व्यवसायिक रुपमा तरकारी खेती गरि रहेका कृषकहरुले पोलीहाउसका लागी आवेदन पेश गर्न सक्ने । |

CamScanner

सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
दार्चुला

फोन नं.: ०९३-४२०४४७
Email: akcdarchula@gmail.com
Website: darchulaakc.gov.np

पत्र संख्या : ०८२/०८३
च.नं. :

| | | | | |
|---|---|---|---|---|
| ५ | स्थानीय उपज बजारीकरण प्रवर्द्धनका लागि ब्राण्डिङ्ग, लेबलिङ्ग, प्याकेजिङ्ग, गुणस्तर जाँच, आदी सहयोग | जिल्लाभरी | • जिल्लाका स्थानिय उपजहरु (स्याउ, ओखर, सुन्तला, च्याउ, तरकारी, मसला, दाल, मह, स्थानिय गुड आदी) को बजारीकरण गरिरहेका समुह/ सहकारी/फर्म/ उध्यमीहरु लाइ स्थानीय उपज बजारीकरण प्रवर्द्धनका लागि ब्राण्डिङ्ग, लेबलिङ्ग, प्याकेजिङ्ग, गुणस्तर जाँच, आदीमा सहयोगका लागी लागत अनुमानको ५०% रकम अनुदान । | सम्वन्धित निकायवाट अनुमती प्राप्त गरी व्यवसायिक रुपमा स्थानिय उपजहरु ब्राण्डिङ्ग प्याकेजिङ्ग लेवलीङ्ग गर्न इच्छुक उद्यमी व्यवसायिहरुले आवेदन पेश गर्न सक्ने । |
| ६ | बगैचा सुदृढीकरण सामग्री (सायन, सिकेचर, ग्राफ्टर, ग्राफ्टिङ्ग नाइफ, टेप, बोर्डो पेस्ट, मिश्रण, चुना, मल, मल्चिङ्ग सामग्री, आदि) सहयोग | जिल्लाभरी | • कम्तिमा पनी २५ बोट भन्दा बढी फलफुल बिरुवाको बगैंचा स्थापना गरेका समुह/सहकारी/ फर्म/उध्यमीहरुलाइ सायन, सिकेचर, ग्राफ्टर, ग्राफ्टिङ्ग नाइफ, टेप, बोर्डो पेस्ट, मिश्रण, चुना, मल, मल्चिङ्ग सामग्री, आदिमा सहयोगका लागी लागत अनुमानको ५०% रकम अनुदान । | २५ बोट भन्दा बढीको बगैचा भएको बगैंचाधनीहरुले प्रमाण सहित आवेदन पेश गर्न सक्ने । |
| ७ | विद्यालय दिवा खाजा प्रवर्द्धनका लागि रैथाने/स्थानीय पोषणयुक्त बाली उत्पादन कार्यक्रम | जिल्लाभरी | • विद्यालय दिवा खाजा कार्यक्रम संचालनमा रहेका विद्यालयहरुमा दैनिक रुपमा तरकारी आपुर्ति गरि रहेका समुह/सहकारी/फर्म/उध्यमीहरुलाइ रैथाने/ स्थानीय पोषणयुक्त बाली उत्पादन कार्यक्रममा सहयोगका लागी लागत अनुमानको ५०% रकम अनुदान । | विगत बर्षहरु देखि नियमित रुपमा विद्यालयमा तरकारी उपलब्ध गराइ रहेको प्रमाण र सम्वन्धित विद्यालयको सिफारिस पेश गर्नु पर्ने । |
| ८ | एकल महिला, मुक्त हलिया, सिमान्तकृत समुदाय, अपाङ्ग तथा विपन्न लक्षित आयआर्जनमूलक कार्यक्रम | जिल्लाभरी | • एकल महिला, मुक्त हलिया, सिमान्तकृत समुदाय, अपाङ्ग तथा विपन्न लक्षित आयआर्जनमूलक कार्यक्रम (तरकारी खेती, च्याउ खेती, आलु खेती, फलफुल खेती) कार्यक्रम संचालनका लागी निजको माग र सम्भाव्यताका आधारमा उत्पादन सामाग्रि निशुल्क सहयोग । | लक्षित बर्ग भएको खुल्ने प्रमाण पेश गर्नु पर्ने । |
| ९ | उत्पादित कृषि वस्तु उत्पादन स्थल देखी बजार सम्म ढुवानी | जिल्लाभरी | • स्थानिय कृषि उपजहर फलफुल तरकारी दाल मह आदी उत्पादन गरी बजारमा विक्रि वितरण गरि रहेका कृषक वा संकलनकर्ताहरुले प्रस्ताव पेश गर्न सक्ने । | व्यवसाय दर्ता गरी उत्पादन तथा विक्रि वितरण कार्य गरि रहेको प्रमाण पेश गर्नु पर्ने । |

**आवेदनसाथ संलग्न राख्नुपर्ने कागजातहरु:**

१. कार्यक्रममा सहभागी हुन पाउँ भन्ने बारेको निवेदन (रु. १० को हुलाक टिकट सहित)।
२. सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्घन नियमावली (पहिलो शंशोधन), २०८० बमोजिम को अनुसूचि ५ बमोजिमको ढाँचामा पुर्ण विवरण भरिएको प्रस्ताव फाराम ।

नि. कार्यालय प्रमुख

CamScanner

सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
दार्चुला

फोन नं.: ०९३-४२०४४७
Email: akcdarchula@gmail.com
Website: darchulaakc.gov.np

पत्र संख्या : ०८२/०८३
च.नं. :

३. विगत २ वर्षमा यस्तै प्रकृतिको अनुदान सहयोग यस कार्यालय वा अन्य सरकारी, गैरसरकारी निकाय र कृषि आयोजना/परियोजना वाट प्राप्त नगरेको स्वघोषणा ।

४. सम्बन्धित स्थानिय तहको कृषि विकास शाखा वा सम्वन्धित वडा कार्यालयको सिफारिस ।

५. कृषक समूह/सहकारी/फर्मको दर्ता प्रमाण-पत्र, स्थाइ लेखा नम्वर र कर चुक्ताको प्रमाण-पत्रको प्रतिलिपी ।

६. कृषक समूह/सहकारीको हकमा निर्णयको प्रतिलिपी ।

७. लाभान्वित हुने कृषकहरुको विवरण सहित नागरिकता, जग्गाको आधिकारिकता खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।

८. सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्धन नियमावली (पहिलो शंशोधन), २०८० मा उल्लेख भए बमोजिमको (रु. १ लाख सम्मको अनुदान माग गरेका शुल्क नलाग्ने, १ लाख देखी ५ लाख सम्म अनुदान माग गरेमा रु. ३०० र ५ लाख भन्दा बढीको अनुदान माग गरेमा रु. १०००) आवेदन शुल्क बुझाएको बैंक भौचर वा कार्यालयको नगदी रसिद ।

आवश्यक शर्तहरु:

१. आवेदन दिने उपभोक्ताहरु आवेदन सित सम्वन्धित कृषि पेशामा संलग्न रहेको हुनु पर्ने छ ।

२. आवेदन फाराममा भएका सम्पुर्ण विवरण पुर्ण रुपमा भर्नु पर्ने छ ।अपुर्ण तथा अष्पष्ट रुपमा भरिएको, संलग्न गर्नु पर्ने कागजातहरु संलग्न नगरेको आवेदनहरु छनौट प्रकृयामा समावेश गरिने छैन ।

३. उपभोक्ताले पेश गरेका प्रस्तावहरु स्विकार गर्ने वा नगर्ने अन्तिम र पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

४. प्रस्ताव फारामको नमुना यस कार्यालय र सम्वन्धित स्थानिय तहको कृषि शाखा वाट प्राप्त गर्न सकिने छ । साथै यस कार्यालयको Website : darchulaakc.gov.np र Facebook page कृषि ज्ञान केन्द्र दार्चुला वाट पनि डाउनलोड गरेर भर्न सकिने छ ।

(थप जानकारीको लागी सम्पर्क ब्यक्तीः शिशिर आचार्य, सूचना अधिकारी मो.नं. ९८५८७८०४४७)

नि. कार्यालय प्रमुख

CamScanner